"कृषि विकास र भौतिक पूर्वाधारको लहर, रतुवामाई नगरपालिकालाई समृद्ध बनाउने हाम्रो रहर"
रतुवामाई नगरपालिका
RATUWAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिजुवा, मोरङ, कोशी प्रदेश, नेपाल
Sijuwa, Morang, Koshi Province, Nepal

प.सं.: २०८३/०८४
Letter No.:
च.नं :
Dispatch No.:

दफा ४ को उपदफा (५) सँग सम्बन्धित

## रतुवामाई नगरपालिका भित्रका नदिजन्य पदार्थको उत्खन्न तथा बिक्रीका लागि Hardcopy बोलपत्र आव्हान सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति २०८३।०६।२२)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र कोशी प्रदेश सरकारको आर्थिक ऐन, २०८३ को दफा ७ को व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी कोशी प्रदेश सरकारले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ती फर्म वा कम्पनीले फर्मको नवीकरण भएको व्यक्ती फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र आव २०८१।८२ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धीत सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सूचना नम्बर | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| रा.२/०८३/०८४ | डाँगीटोलघाट, टाकुरटोल घाट, रतुवा नदि तथा सोमबारेबजार पश्चिमघाट, जयनगरघाट, मुक्तिघाट, रतिलालटोल घाट, बक्राहा नदिको नदिजन्य पदार्थ विक्री । | ७९२१२०.०० | ३८९२९८०.०० | १,१०,०००।०० | ३,०००।०० |

शर्तहरु :

१. फर्महरुको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८१।८२ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि बोलपत्र फारम दस्तुर बापतको दस्तुर यस कार्यालयमा नगदै तिरेको वा नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. नेपालमा रहेको रतुवामाई नगरपालिकाको आन्तरिक राजश्व खाता नम्बर ०९७०१४००००००९३ मा नगद जम्मा गरेको भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. सिजुवा शाखामा रहेको आन्तरीक राजश्व खातामा Local Level Revenue Portal मा User ID Create गरी Ga १.१ Ratuwamai

Na.Pa Aantarik Rajasho Khata नं. ०९७०१४००००००९३ मा जम्मा गरी वा यस कार्यालयको राजश्व खातामा रसिद काटेर शिलबन्दी दरभाउपत्र खरिद वापतको दस्तुर जम्मा गरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजानिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुन्छ ।

२. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । माथि उल्लेखित धरौटी वापतको रकम रतुवामई नगरपालिकाको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. नेपालमा रहेको धरौटी खातामा जम्मा गरी सोको सक्कल भौचर वा इजाजत प्रापत क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नम्बर र नाम उल्लेख गरी जारी गरिएको ९० दिनको म्याद सहितको बिड बण्ड सिलबन्दि खामका साथ पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारमहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम ठेगाना र कामको विवरण बोलपत्र विवरण प्रोपाइटरको नाम ठेगाना मोबाइल नम्बर समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजे भित्र कार्यालयमा हार्डकपी प्रति दर्ता गर्नुपर्नेछ ।उक्त दिन बिदा परेमा बिदालगत्तै पछिको कार्यालय खुलेको दिनमा गरिनेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपुर्वक पर्न आएको बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि विभिन्न कार्यालयकका प्रतिनिधि निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा बिदा लगत्तै पछिको कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. प्रि-बिड बैठक यस सूचना प्रकाशन भएको मितिले १५ औं दिन दिनको ठीक २:०० यस रतुवामाई नगरपालिकाको कार्यालयमा हुनेछ । इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ । उक्त दिन बिदा परेमा बिदा लगत्तै पछिको कार्यालय खुलेको दिनमा गरिनेछ ।

६. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन ।बोलपत्र स्वीकैत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षीत रहनेछ।

७. बोलपत्र सकार गरेको मितिले ७ दिन भित्र सम्झौता गरी सम्झौतामा उल्लेखित सम्पुर्ण रकम एकमुष्ट बुझाएमा भ्याट बाहेको रकममा १० प्रतिशत छुट हुनेछ ।

८. बोलपत्र स्विकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ सात दिन भित्र मु.अ.कर दर्ता प्राणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ताबापतको कुल मु.अ.कर बाहेकको कबोल अंकको ४० प्रतिशत रकम र सम्पूर्ण मु.अ.कर रकम अनिवार्य बुझाउनु पर्नेछ ।दोस्रो किस्ता वापतको मु.अ.कर बाहेकको बाँकी ५० प्रतिशत रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजावत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा मिति २०८४।०३।३१ म्याद सहित जारी गरीएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गर्नुपर्नेछ ।

बाकी रको ६० प्रतिशत रकम २०८४ जेठ मसान्त भित्र अधिकतम २ किस्तामा बुझाउन सक्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

९. भरौटको संकलन र विक्री शुल्क कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८३ बमोजिम हुनेछ साथै संकलन गर्ने कार्य विहान सूर्योदय देखि साँझ सूर्यास्त सम्म मात्र हुनेछ ।

१०.ठेक्का सम्झौता भएपछि बन्द हडताल जस्ता कारणले कर छुट वा मिनाहाको लागी ठेकेदार पक्षबाट दाबी गर्न पाईने छैन ।नगरपालिकाले समय समयमा दिएको निर्देशन पालन गर्नु पर्नेछ ।

११.तोकिएको म्यादभित्र पट्टा पठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र वन्दोवस्त गरिनेछ । यस नगरपालिकाको नदि तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानिय तहबाट जारी भएका कानुन प्रदेश कानून तथा अन्य प्रचलित कानुन मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१२.यो सूचनामा उल्लेख भएको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ । यस कार्य सम्बन्धि कुनै कुरा संशोधन गर्नुपर्ने वा सच्याउनु पर्ने भएमा कार्यालयको वेभसाईटwww.ratuwamaimun.gov.np वा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

..................................

नि.प्रमुख प्रशासकीय अधिकृत